सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३३६ ♦ २०८२ साल साउन ५ गते सोमवार ♦ 21 July 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## पोकामै थन्किए १५ हजार मिटरब्याज पीडितका आवाज

**कमलेश ठाकुर**

**साउन ४ गते, जनकपुरधाम**



जिल्ला प्रशासन कार्यालय धनुषाको पहिलो तल्लामा भऱ्याङबाट दायाँतर्फको कोठामा टेबलभरि तीन सय वटाजति फाइल छन् । एउटा कुनामा बोरामा पोका राखिएको छ । ती पोकाभित्र अनुचित लेनदेन सम्बन्धी १५ हजारभन्दा बढी फाइल छन् । समयमा अनुसन्धान र छलफल नहुँदा यी फाइलभित्र रहेका अनुचित लेनदेन (मिटरब्याज) पीडितको आवाज पोकामै गुम्सिरहेका छन् ।

प्रहरी जवान सागर राय माझीले हालसम्म १६ हजार ७ सय ५४ वटा अनुचित लेनदेन सम्बन्धी उजुरी परेको जानकारी दिए । जसमध्ये मात्र १ हजार ७१ उजुरी मात्रै फछ्र्यौट भएका छन् । बाँकी १५ हजार ६ सय ८३ उजुरी पोकामै छन् । २०८० सालमा ३ हजार ७ सय ६० वटा उजुरी परेका थिए । तीमध्ये १ हजार ७१ मुद्दा फछ्र्यौट भएको उनले बताए । 'पहिलो वर्ष आएका उजुरीमध्ये २८ प्रतिशत मात्रै फछ्र्यौट भएका छन्,' उनले भने,'त्यसयता आएका उजुरीको पोका खुलेकै छैन ।'

२०८१ मा १२ हजार ५ सय २४ र गत वैशाखयता ५ सय ७० उजुरी आएका छन् । यी दुवै वर्षका उजुरीको पोका नखुलेको उनले बताए । उजुरी आएको सबै सही पनि नभएको हुनाले अध्ययन गर्न समय लागेको उनको दाबी छ । 'परेको सबै उजुरी सही नै हुँदैनन्,' उनले भने,'कुनै-कुनै उजुरी ऋणीले रिसराग राखेर फर्जी पनि दिएको देखिन्छ । अहिलेसम्म खोलिएका फाइलमध्ये २० प्रतिशत फर्जी उजुरी होला ।'

धनुषाका प्रमुख जिल्ला अधिकारी (सीडिओ) शंकरहरि आर्चायले उजुरीकर्ता र पीडक भनिएकालाई बोलाएर छलफल मात्रै भइरहेको बताए । 'नियमित ४/५ वटा उजुरीमाथि छलफल हुन्छ । तर, दुवै पक्षको सहमति नहुँदा फछ्र्यौट संख्या निकै कम देखिन्छ,' सीडिओ आर्चायले भने,'हामीले कुनै पक्षलाई दबाब दिन मिल्दैन । सहजीकरण गरि दिने काम मात्रै गरेका छौं ।' उजुरीको चाप अनुसार काम गर्ने प्रहरी अधिकारी कम हुँदा फछ्र्यौट प्रतिशत कम देखिएको उनले बताए । अनुचित लेनदेनको विवाद समाधान गर्न तीन जना प्रहरीले काम गरिरहेको उनले बताए ।

मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालका केन्द्रीय महासचिव मनोज पासवानले सरकारले पीडितको आवाज दबाउन खोजेको बताए । सरकारले मिटरब्याज पीडितको समस्या समाधान नगरे विकराल रूप लिने उनले बताए । स्थापित मुद्दालाई समाधान नदिएर सरकारले बेवास्ता गर्दा तनावकै कारण पीडितहरू थप समस्यामा परेको उनले बताए । 'सबै पीडित सरकारको मुख हेरिरहेका छन् । तर, सरकारले चासो नलिए अर्को रूप लिन्छ,' उनले भने, 'सरकारको कमजोरीले दुई वर्षदेखि पीडितहरू समाजमा

*बाँकी पृष्ठ २ मा*

## रोपो सुक्न थालेपछि किसान चिन्तित

**खबर दर्पण समाचारदाता**

**साउन ४ गते, बर्दिवास**

गौशाला नगरपालिका-१२ का किसान विद्यायानन्द रायले २ बिघामा कतरनी र हर्दिनाथ जातको धान लगाएका छन् । इनार र बोर्डिङबाट मोटर राखी सिँचाइ गरेर प्रति कठ्ठा पटक-पटक जोताइ १ हजार, रोपाइँ १ हजार, मल ५ सय, सिँचाइ ५ सय खर्च गरी रोपेको धान सुक्न थालेको छ ।

मोटर चलाएर सिँचाइ गर्न खेतमै विद्युत् छ । तर भोल्टेज नहुँदा पानी नै मोटरले तान्न छोडेको छ । वर्षा नहुनु र सिँचाइ गर्न विद्युत्को भोल्टेज नहुँदा रोपेको धान फल्ने हो कि ? खेतमै सुक्ने रायको समस्या यहाँका किसानको साझा समस्या बनेको छ । बोर्डिङबाट सिँचाइ गरी रोपिएको धान सुक्नबाट बचाउन किसानलाई धौधौ परेको छ । रोपिएको धान सिँचाइ गर्न रातदिन मोटर र पम्पसेट चलाउनुपरेको छ । राति पानी लगाएको खेत भोलिपल्ट नै सुक्न थालेपछि किसान चिन्तित छन् ।

बर्दिबास-जलेश्वर सडकखण्डको औरहीदेखि जलेश्वरसम्म बस्ती क्षेत्र छोडेर धान खेती हुने फाँट यो वर्ष खाली छ । खेतहरू सुक्खा छन् । सामान्य झरीले गर्मी कम भएर शीतल भए पनि खेतमा पानी नलाग्दा किसानको पीडा भने दिनदिनै बढ्दो छ । पर्याप्त वर्षा नहुँदा धानको बीउ सुक्न थालेको छ ।

रायले भने, 'असारमा रोपाइँ भएर


*बाँकी पृष्ठ २ मा*



शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# राजस्व कार्यालय जनकपुर द्वारा ४ अर्ब ९० करोड संकलन




**खबर दर्पण समाचारदाता**

**साउन ४ गते, बर्दिवास**

आन्तरिक राजस्व कार्यालय जनकपुरले सात वर्षपछि लक्ष्य अनुसारको राजस्व संकलन गर्न सफल भएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा ४ अर्ब ९० करोड ४३ लाख ४१ हजार रुपैयाँ राजस्व संकलन गरेको हो । जबकी गत आवमा ४ अर्ब ८८ करोड ६८ लाख २४ हजार राजश्व संकलन गर्ने लक्ष्य रहेको थियो ।गत आवमा संकलित राजस्व लक्ष्य अनुसार को औसत १००.३४ प्रतिशत रहेको आन्तरिक राजस्व कार्यालय जनकपुरका प्रमुख कर अधिकृत आनन्दकुमार गुप्ताले जानकारी दिए ।गत आर्थिक वर्ष २०८०/०८१ मा यस कार्यालयको ४ करोड ४६ लाख ९३ हजार लक्ष्य रहेकोमा मात्र ३ अर्व ८२ करोड ८५ लाख राजस्व संकलन भएको थियो । त्यसको तुल्नामा पछिल्लो यस आवमा १ अर्ब ७ करोड ५७ लाखले राजस्व वृद्धि भएको कर अधिकृत गुप्ताले बताए ।विगत ७ वर्षपछि मात्र लक्षित राजस्वको शत प्रतिशत प्रगति हासिल भएको उनको भनाइ छ ।

प्रमुख कर अधिकृत गुप्ताले बक्यौता रकम असुलीमा कडाई गर्दै बजार अनुगमन, करको दायरा विस्तार, करशिक्षा कार्यक्रम लगायतका कार्यहरुले गर्दा राजस्व असुलीमा टेवा पुगेको बताए ।

'राजस्व बक्यौता रहेका कर दाताहरुलाई समयमा नै कानूनी कारवाही र नियमित फोन, एसएमएस, पत्राचार लगायतका कार्यहरुले गर्दा राजस्व संकलनको लक्ष्य पुगेको हो', उनले भने ।यस कार्यालयको कार्य क्षेत्र धनुषा, महोत्तरी, सर्लाही र सिन्धुली रहेको थियो ।

# जनकपुरधामको एक होटेलमा धारिलो हतियार प्रहारपछि युवकको हत्या




**खबर दर्पण समाचारदाता**

**साउन ४ गते, बर्दिवास**

जनकपुरधामको एक होटेलमा धारिलो हतियार प्रयोग गरी एक युवकको हत्या गरिएको छ । हत्या पश्चात ती युवकलाई एक तला माथिबाट खसालिएको अवस्थामा फेला पारिएको हो । धनुषा प्रहरीले जनाएअनुसार हत्या भएका व्यक्ति महोत्तरी गाउँपालिका-१, पर्साका २८ वर्षीय बिमलेश यादव हुन् । घटना शनिबार राति करिब ३ बजेतिर जनकपुर उपमहानगर पालिका-२१ स्थित होटल एसपी एन्ड गेस्ट हाउसमा भएको हो । यादवमाथि धारिलो हतियार प्रहार गरिएको र त्यसपछि उनलाई होटलको एक तला माथिबाट खसालिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । गम्भीर अवस्थामा फेला परेका यादवलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पु¥याइएको थियो । तर, उपचारका क्रममा आइतबार बिहान ७ः४५ बजे उनको मृत्यु भएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी वरुणबहादुर सिंहले जानकारी दिए ।

प्रहरी स्रोतका अनुसार बिमलेश यादव सो रात एक युवतीसँग होटलमा बसेका थिए । प्रारम्भिक अनुसन्धानमा सो युवतीले नै हत्या गराएको हुन सक्ने आशंका गरिएको छ । हाल घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ ।

# पोकामै थन्किए...

हिंसा र अपहेलना सहिरहेका छन् । यसले समाजमा थप द्वन्द्व फैलाएको छ ।'

जिल्ला अदालत धनुषामा पनि लेनदेन सम्बन्धी मुद्दाको चाप देखिन्छ । गत आर्थिक वर्ष २ हजार ४ सय १ थान मुद्दा दर्ता भएको स्रेस्तेदार कैलाशप्रसाद भट्टराईले बताए । अधिवक्ता रिंकुकुमारी यादवले निषेधाज्ञाको कारण अनुचित लेनदेनको मुद्दा प्रभावित भएको बताइन् ।

उनका अनुसार उजुरी परेपछि प्रहरीले साहुलाई झिकाउँछ । जग्गा वा सम्पत्ति फिर्ता गराउन दबाब दिन्छ । नमाने थुनामा राख्छ । त्यसपछि साहुले निषेधाज्ञा लिएर बाहिर आउँछ । त्यसपछि प्रहरीले केही गर्न मिल्दैन ।

त्यसकारण नै कतिपय मुद्दा प्रभावित भएको उनले सुनाइन् । ऋणीले सहमति गरेपछि समयमा रकम नबुझाउँदा पनि अदालतमा मुद्दाको चाप बढेको उनले बताइन् । अनुचित लेनदेनमा काम गर्ने अधिकारीलाई कार्यान्वयन गराउन पनि समस्या भएको उनको भनाइ छ ।

# रोपो सुक्न थालेपछि....

विगतका वर्षमा हरियो फाँट देखिने खेतहरू अहिले सुख्खा छन् । पर्याप्त वर्षा नहुँदा रोपाइँ नहुँदा खनिएको आली र जोताइ गरेर तयार पारिएको खेत धुलाम्मे अवस्थामा छ । सडकबाट देखिने खेतहरू धान रोप्न तयार छन् । दुई बिघाको अन्तरमा धानको ब्याड मात्रै हरियो र फाँट सुख्खा देखिन्छ ।'

महोत्तरीमा ४० हजार हेक्टरमा धान खेती हुन्छ । धान खेती हुने क्षेत्रमध्ये करिब २० प्रतिशत क्षेत्रमा किसानले पम्पसेटबाट सिँचाइ गरी धान लगाएको कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख देवानन्द राय यादवले बताए ।

'वर्षा नभएर धान रोप्ने ब्याड सुक्न थालेपछि बोर्डिङ, इनार र पानी भएका नदीमा किसानले दमकल, मोटर लगाएर धान रोप्न थालेका छन्,' कृषि ज्ञान केन्द्रका प्रमुख यादवले भने, 'महोत्तरीमा नहर छैन । वर्षाको पानीमा धान रोप्ने प्रतीक्षामा किसान थिए । वर्षा नभएपछि बोर्डिङ, इनार र पानी भएको नदीबाट सिँचाइ गरी थोरै-थोरै धान रोप्न थालिएको छ ।'

एकडारा, पिपरा, मनरासिसवा, जलेश्वर, रामगोपालपुर, गौशाला, सोनमा, सम्सी लगायतका पालिकामा विगतको वर्षजस्तो धान रोपाइँ हुन सकेको छैन ।

नेपाल सरकार

**उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय**

कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०४।०५**

यस कम्पनीको मिति २०८२।०३।०२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भई साविक कम्पनी अ कप अफ लभ म.वि.नगर्ने म.वि.नगर्ने.न. १३९४३१) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋृण, धन, कर दायित्व आदि परिवर्तन नामको पर्सा थारु युवा मञ्च म.वि.नगर्ने अंग्रेजिमा Parsa Tharu Yuwa Munch Profit Non–Distributing Company ले सकानु व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# प्रेस युनियनको १०औं महाधिवेशन आगामी जेठमा हुने

**खबर दर्पण समाचारदाता**
**साउन ४ गते, बर्दिवास**



नेपाल प्रेस युनियनले १०औं महाधिवेशन आगामी जेठमा गर्ने गरी आफ्नो कार्यकाल थप गरेको छ ।

नेपाल प्रेस युनियन अध्यक्ष शिव लम्सालको अध्यक्षतामा काठमाडौंमा सम्पन्न केन्द्रीय समिति बैठकले यस्तो निर्णय गरेको हो ।

नेपाल प्रेस युनियनको विधान अनुसार विधान सभालगायतका केही महत्वपूर्ण कार्य गर्न बाँकी रहेकाले विधानको व्यवस्थाअनुसार विशेष परिस्थितिलाई ध्यानमा दिँदै वर्तमान केन्द्रीय कार्य समितिको समयावधि थप गर्ने निर्णय गरेको जनाएको छ ।

प्रेस युनियनको विधानमा तीन वर्ष कार्यकाल र विशेष परिस्थितिमा एक वर्ष थप गर्न सकिने व्यवस्था छ। नेपाल प्रेस युनियनको विधान समयानुकुल संशोधन गर्न २०८२ मंसिरमा विधान सभा आयोजना गर्ने निर्णय गरेको प्रेस युनियनका महासचिव दिलीप पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

महासचिव पौडेलका अनुसार मंसिरमा विधान सभा आयोजना गरेपछि क्रमश: जिल्ला, प्रदेश अधिवेशन गरेर जेठ भित्रै महाधिवेशन गर्ने रणनीति लिएको छ ।

यस्तै प्रेस युनियनको विधान संशोधनका लागि केन्द्रीय समितिमा पेस गर्ने गरी नेपाल प्रेस युनियनका वरिष्ठ उपाध्यक्ष प्रेम के.सी. संयोजकमा १४ जना पदाधिकारीहरूलाई परिमार्जन मस्यौदा तयारी समितिको जिम्मा दिइएको छ । जसमा युनिनयका उपाध्यक्षहरु सलोजा दाहाल, जीवन भण्डारी, डा. मुरारी अधिकारी, अनिल कुमार कर्ण, उपमहासचिव युवराज गौतम, सुलोचना गौतम, अभय राई, सचिवहरु केदार दाहाल, खगेन्द्र भण्डारी, भुवन शर्मा, राजन रुचाल, लालकुमार मोक्तान, पुष्पा शर्मा, केन्द्रीय सदस्य मुक्तिबाबु रेग्मी सदस्य रहेका छन् ।

यसैगरी प्रेस युनियनको तीन वर्षे कार्यकालको समीक्षा गर्दै बाँकी अवधिमा नेपाल प्रेस युनियनका सांगठनिक गतिविधि वृद्धि गर्दै संगठनलाई थप गतिशील, चलायमान बनाउने प्रतिवद्धताका साथ युनियनका केन्द्रीय विभाग, प्रदेश समिति र जिल्ला शाखाहरूलाई परिचालन गर्ने निर्णय गरेको छ ।

युनियनको सदस्यता लिन योग्यता भएका इच्छुक तथा लोकतन्त्रमा आस्था राख्ने सञ्चारकर्मीलाई विधान बमोजिम प्रेस युनियनको सदस्यता दिने गरी साउन १५ गतेदेखि कात्तिक २१ गतेसम्म सदस्यता नवीकरण तथा वितरणका लागि एक सय दिने विशेष अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ।

यस्तै पत्रकार कल्याणकारी कोष स्थापना गर्ने निर्णय केन्द्रीय समितिले गरेको छ । कोषलाई व्यवस्थित गर्न र रकम संकलन गर्नका लागि कोषाध्यक्ष माधव धितालको संयोजकत्वमा केन्द्रीय सदस्य मित्र भण्डारी, कपिल कोइराला, नारायणी रजौरे, तेजना पण्डित र आठै प्रदेशका अध्यक्षहरु सदस्य रहेको समिति गठन गर्ने निर्णय गरेको छ ।

नेपाल पत्रकार महासंघको निर्वाचनमा प्रेस युनियनको निर्देशन तथा निर्णय विपरित अनुशासन उलंघन गर्ने युनियनबाट कारबाहीमा परेका सदस्यले आत्माआलोचनासहित कारबाही फुकुवाका लागि शाखामार्फत अनुशासन समितिमा लिखित निवेदन दिएपछि अनुशासन समितिले आवश्यक निर्णय लिने समितिले निर्णय गरेको छ ।

अदातलले डिजिटल प्रकाशनको मर्ममा असर पुग्ने गरी समाचारको तथ्य जाँच नगरी समाचार डिलिट गर्न विगतमा दिएको अन्तरिम आदेश संवैधानिक मर्म विपरित भएको ठहर गर्दै आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन सरोकारवालाको ध्यानाकर्षण गर्ने निर्णय गरेको छ ।

श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्न , पत्रकारलाई नियमित तलब सुविधा उपलब्ध गराउन सञ्चार प्रतिष्ठानलाई आग्रह गर्ने, सम्पूर्ण सञ्चार कर्मीलाई सञ्चार कर्म गर्दा अनिवार्य रुपमा पत्रकार आचार संहिता पालना गर्न आग्रह गर्ने निर्णय गरेको छ ।

सञ्चारमाध्यमलाई सरकारले दिँदै आएको लोककल्याणकारी विज्ञापन वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन, सुविधा वृद्धि गर्न, अनलाइन सञ्चार माध्यमलाई पनि लोककल्याणकारी विज्ञापन दिने व्यवस्था गर्न सरकार र माताहतका निकायका ध्यानाकर्षण गर्ने, सरकारी विज्ञापनमा समानुपातिक व्यवस्था प्रणाली लागू गर्न विज्ञापन बोर्डलगायत सरकार सँग माग गर्ने निर्णय गरेको छ ।

नेपाल प्रेस युनियनको आयोजनामा नेपालमा पहिलो पटक ‘लोमन्थाङ इन्टरनेस्नल मिडिया समिट समिटको विस्तृत प्रतिवेदन छिट्टै विशेष कार्यक्रम आयोजना गरी सार्वजनिक गर्ने जनाएको छ ।

यसैगरी संघीय सरकार, प्रदेश, स्थानीय सरकारलाई प्रेस तथा अभिव्यक्ति मैत्री कानुन निर्माण गर्न, पत्रकारिताको बदलिँदो अभ्यासलाई आत्मसाथ गर्दै युट्युवलगायत सामाजिक सञ्जालमा भइरहेको पत्रकारितालाई व्यवस्थित, मर्यादित, जिम्मेवार र जवाफदेही बनाउन आग्रह गर्ने , पछिल्लो समय पत्रकारितामा बढ्दो कृत्रिम बौद्धिकता (एआई)को प्रयोगलाई व्यवस्थित गर्न आवश्यक प्रशिक्षण, साक्षरताका लागि युनियनले अभियान चलाउने र एआईको नियमनका लागि आवश्यक नीति तर्जुमा गर्न सरकारलाई आग्रह गर्ने निर्णय गरेको युनियनले जारी गरेको युनियनको विज्ञप्तिमा उल्लेख छ ।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौ,
- छतका गमला सुरक्षित रुपमा राखौं ।
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं, श्र हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं, श्र हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी

## व्यक्तिगत घटना दर्ता सप्ताह

जन्म दर्ता किन गर्ने ?




माथि उल्लेखित सेवाका साथै अन्य विभिन्न सरकारी सेवा प्राप्त गर्न

रामगोपालपुर नगरपालिका
महोत्तरी

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# मधेश प्रदेशका पूर्वप्रमुख राजेश झा (अहिराज) पक्राउ



**शैलेन्द्र महतो**

**साउन ४ गते, बर्दिवास**

मधेश प्रदेशका पूर्वप्रमुख राजेश झा (अहिराज) पक्राउ परेका छन् । अहिराज यौन दुर्व्यवहार कसुरमा आइतबार पक्राउ परेको प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं एसपी अपिलराज बोहराले जानकारी दिए ।

उनका अनुसार अहिराजमाथि अनुसन्धानका लागि काठमाडौं जिल्ला अदालतबाट ५ दिनको म्याद लिइएको छ ।

झा २०७७ फागुन ७ मा मधेशको प्रदेश प्रमुख नियुक्त भएका थिए । मधेश प्रदेश प्रमुख हुनुअघिसम्म उनी मधेशवाणी साप्ताहिक पत्रिका प्रकाशन लगायतका संचार उद्दममा जोडिएका थिए । तत्कालीन नेकपाको विवाद उत्कर्षमा पुगेका बेला तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सरकारले त्यतिबेलाका प्रदेश प्रमुख तिलक परियारलाई पदमुक्त गर्दै झालाई मधेशको प्रदेश प्रमुख नियुक्त गरेको थियो । कार्यकालको करिब ६ महिना नपुग्दै झालाई प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले पदमुक्त गरेको थियो ।

# सिरहा कारागारमा झडप हुँदा १३ कैदीबन्दी घाइते



**खबर दर्पण समाचारदाता**

**साउन ४ गते, बर्दिवास**

सिरहा सदरमुकामस्थित जिल्ला कारागारमा आज दिउँसो कैदीबन्दीहरूबीच झडप हुँदा १३ जना घाइते भएका छन् । कारागारभित्र आन्तरिक प्रशासनको नाइके तोक्ने विषयमा विवाद चर्किएपछि झडप भएको सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी चेतराज बरालले जानकारी दिए।

"नाइके को हुने भन्ने विवादले दुई समूहबीच झडप भएको हो । घाइतेहरूलाई तत्काल प्रादेशिक अस्पताल सिरहा पठाइएको छ", उनले भने, "सुरक्षाका दृष्टिकोणले पनि थप उपचारका लागि उनीहरूलाई आजै काठमाडौँ पठाउने तयारी भइरहेको छ ।"

घटनापछि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको टोली तत्काल कारागार पुगेको थियो । हाल अवस्था नियन्त्रणमा रहेको र झडपको विषयमा थप अनुसन्धान भइरहेको प्रशासनले जनाएको छ ।

सिराहा कारागार १५० कैदीबन्दी राख्ने क्षमताको भए पनि हाल ४५८ जना कैदीबन्दी राखिएको छ। क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी राखिँदा आन्तरिक व्यवस्थापनमा समस्या देखिएको छ ।

शनिबार मात्रै जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानको संयुक्त टोलीले कारागार अनुगमन गरेको थियो। अनुगमनका क्रममा कुनै असहज अवस्था नरहेको बताइएको थियो । त्यसको भोलिपल्टै झडप हुनुले कारागार व्यवस्थापनमाथि प्रश्न उठाएको छ ।

यसअघि पनि कारागारभित्र आपराधिक गतिविधि भएको आरोपमा छानबिन समिति गठन गरिएको थियो । डेढ महिनाअगाडि बुझाइएको उक्त प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन ।

नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन ?

❖प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
❖पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
❖सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
❖दीर्घ रोगबाट बच्न,
❖उपचार खर्च कम गर्न,

त्यसैले,

❖स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
❖आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
❖स्वस्थ्य र निरोगी बनौं ।

सम्सी गाउँपालिका
महोत्तरी

नसर्ने रोगबाट बच्ने उपाय ।

❖धुमपान र मद्यपान नगरौं,
❖ दैनिक शारीरिक व्यायाम गरौं,
❖मानसिक तनावबाट मुक्त रहौं,
❖अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
❖ स्वस्थकर र सन्तुलित भोजन गरौं,
❖ नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

गौशाला नगरपालिका, महोत्तरी




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,